
के तपाईको घर पानीले रसाएको छ ?
अब चिन्ता नगर्नुहोस !
चिन्ताको समाधान Waterproofing ले गर्ने छ । १००% ग्यारेन्टीका साथ समस्यको समाधान ।
सम्पर्क: प्रगति ट्रेड कन्सर्न
रानीपौवा, पोखरा-११ (रन्जित पार्टी प्यालेसको नजिकै)
०६१-५७८०९९, ९८५६०२२३३३, ९८४६९१४७७३

राष्ट्रिय दैनिक
# पोखरापत्र
Pokharapatra National Daily

रू. १.५ मा
कलर भिजिटिङ कार्ड
साथै
तुरून्त क्यालेण्डर पुस्तक, स्मारिका आदि छपाई गर्नु परेमा
सम्पर्क:
०६१-५७०६५१, ९८५६०७५५७५

❑ वर्ष २५ ❑ अङ्क ३९ ❑ श्रेणी क्षेत्रीय 'क' ❑ २०८० फागुन १० गते बिहीबार ❑ 22 Feb. 2024 ❑ पृष्ठ ४ ❑ मूल्य रू. ५ ।–

## होटलकर्मीद्वारा विकृति विरुद्ध कार्वाही अगाडि बढाउन जिप्रका कास्कीको ध्यानाकर्षण

**पोखरापत्र संवाददाता**
पोखरा, ९ फागुन

पोखराका होटल सम्वद्ध दुई संस्थाले यस क्षेत्रको भ्रमणमा आउँदै गरेका पर्यटकलाई विच बाटोबाटै पिछा गरी जवर्जस्ती आफूले भनेको होटलमा पुर्‍याउने व्यक्ति र गिरोह विरुद्ध कार्वाही अगाडि बढाउन जिल्ला प्रहरी कार्यालय कास्कीको ध्यानाकर्षण गराएका छन् ।

होटल संघ पोखरा नेपाल र पृथ्वी होटल व्यवसायी समिति सम्वद्ध व्यवसायीका तर्फबाट जिल्ला प्रहरी कार्यालय कास्कीका प्रमुख प्रहरी उपरीक्षक मोहनकुमार थापालाई बुधबार भेट गरी पोखरा छिर्ने विभिन्न नाकाबाटै पर्यटकलाई पिछा गरी अबाञ्छित ढंगले आफूले भनेको होटलमा पुर्‍याउने प्रवृति विरुद्ध अपरेसन अगाडि बढाउन माग गरिएको संघका अध्यक्ष लक्ष्मण सुवेदीले जानकारी दिए । यसका अतिरिक्त विभिन्न खालका ध्वनी प्रर्दुषण र अन्य सामाजिक विकृति विरुद्ध समेत कार्वाही अगाडि बढाउन माग गर्दै आफूहरु जिप्रका पुगेको उनले बताए । संघका तर्फबाट प्रहरी उपरीक्षक थापालाई बुझाइएको ध्यानाकर्षण पत्रमा भनिएको छ- 'हाल पोखरा आगमन हुने पर्यटकहरुलाई विभिन्न चोकहरु- छोरेपाटन, विरौटा चोक, सिर्जना चोक, जिरो कि.मि., जरेवर, हल्लन चोक, राष्ट्र बैंक चोक र मुख्य सडकहरुमा होटलका कर्मचारी तथा संचालकहरुले बाइक तथा स्कुटर जस्ता



सवारी साधनहरुबाट दुर्घटना हुने गरी पिछा गर्ने र यस क्षेत्रको शान्ति सुरक्षामा नै खलल हुने गरी पर्यटकहरुलाई विभिन्न प्रलोभन देखाउने, वलजफ्ती गरी त्रसित गराउने गरेको हुँदा पर्यटकहरुलाई सुरक्षित र स्व इच्छाले पुर्व निर्धारित तय भएको होटल प्रतिष्ठानहरुमा जाने वातावरण नभएकोले उक्त कार्यलाई निरुत्साहीत गरी त्यस कार्यमा संलग्न होटल संचालक तथा कर्मचारीहरुलाई कारवाही गरी पाउँ भनी हार्दिक अनुरोध गर्दछौं ।'

होटल संघ पोखरा नेपालका सल्लाहकार एवं होटल संघ नेपालका केन्द्रिय सदस्य भरतराज पराजुलीले रातको समयमा रात्रीकालिन व्यवसायबाट निस्कने मोटसाइकलमा सवार गर्ने व्यक्तिहरुले बन्दुकको आवाज जस्तै गरी ध्वनी निकाल्दै ध्वनी प्रर्दुषण गर्ने विरुद्ध समेत कार्वाही अगाडि बढाउन जिप्रका कास्कीको ध्यानाकर्षण गराइएको जानकारी दिए । त्यस्ता मोटरसाइकलका कारण शान्त रुपले आराम र वास बसिरहेका पर्यटक र समाजलाई समेत असान्त बनाएको हुँदा त्यस कार्यमा संलग्न व्यक्ति, सवारीधनी तथा मोटरसाइकल वर्कसप र अतिरिक्त ध्वनी प्रदुषण निकाल्ने सामान वेच्ने पसलहरुलाई समेत कडा कारवाही गर्न माग गरिएको पराजुलीले बताए ।

लेकसाइड क्षेत्रमा संचालित रात्रिकालिन व्यवसायहरु अदालतको आदेशद्वारा २४ सै घण्टा खुला हुने भन्ने कुराले राती अवेर सम्म संचालन हुँदा त्यस क्षेत्रको वातावरण अशान्त बन्दै गएको तर्फ समेत संघले ध्यानाकर्षण गराएको थियो। राती अवेर सम्म मापसे चेकिङ्ग समेत गर्ने व्यवस्था मिलाउन आग्रह गर्दै व्यवसायीले शान्तिपुर्वक बस्न र सुत्न नपाइएको पर्यटकहरुबाट समेत व्यापक गुनासो आएको विषय ध्यानाकर्षण गराएका थिए । विभिन्न माइकिङ जन्य गतिविधि, विभिन्न खेलकूदका विजेता टिम वा व्यक्तिबाट र्‍याली नै निकालेर मोटरसाइकल र अन्य सवारीमा होहल्ला गर्दै हिंड्ने कार्य, कतिपय तेश्रो लिंगी वा अन्य माग्नेहरुबाट पसल चाहार्दै माग्दै हिंड्ने कार्य र सडकमा जथाभावी पार्किङ गर्ने कार्यलाई समेत नियन्त्रण गर्न व्यवसायीले प्रहरी उपरीक्षक थापाको ध्यानाकर्षण गराएका थिए ।

समितिका निवर्तमान अध्यक्ष वालकृष्ण निउरेले पोखराको पुरानो बसपार्क क्षेत्रमा पर्यटकको झोला तान्ने लगायत र अन्य विकृतिजन्य कार्य विरुद्ध कार्वाही अगाडि बढाउन आग्रह गरेका थिए । समितिका अध्यक्ष अम्बिका घिमिरेले पर्यटन तथा होटल क्षेत्रका विकृति विरुद्ध व्यवसायी एक भएर अगाडि बढ्नुपर्ने बताए ।

सो अवसरमा आफ्नो भनाई राख्दै प्रहरी उपरीक्षक थापाले व्यवसायीले उल्लेख गरेका सबैप्रकारका विकृति विरुद्ध आफूले एक दुई दिन भित्रमा नै वृहत अपरेसन अगाडि बढाउने प्रतिवद्धता जनाए । पर्यटकलाई दुःख दिने र मोटरसाइकलबाट ध्वनी प्रदूषण गर्ने विरुद्ध विगतमा पनि प्रहरीले कार्वाही अगाडि बढाएको स्मरण गराउँदै उनले अन्य विकृति विरुद्ध पनि फरक फरक टिम बनाएर प्रहरी परिचालित हुने बताए । माग्दै हिंड्ने काम कानूनले समेत निषेध गरेको स्मरण गराउँदै उनले अन्य सबै विकृति विरुद्ध अगाडि बढ्दा आफूलाई व्यवसायीको पनि साथ चाहिने प्रहरी उपरीक्षक थापाले बताए ।

## 'विज्ञान, प्रविधि र नवप्रवर्तनका क्षेत्रमा देखापरेका प्रवृत्ति' सम्मेलन पोखरामा

**पोखरापत्र संवाददाता**
पोखरा, ९ फागुन

वन विज्ञान अध्ययन संस्थान पोखरा क्याम्पस र गण्डकी प्रदेश, विज्ञान तथा प्रविधि प्रष्ठिान( जिपास्ट) को संयुक्त आयोजनामा बिहीबारदेखि पोखरामा 'विज्ञान, प्रविधि र नवप्रवर्तनका क्षेत्रमा देखा परेका प्रवृत्ति' विषयक सम्मेलन हुने भएको छ ।

सम्मेलन सम्बन्धी जानकारी दिन आज यहाँ आयोजित पत्रकार भेटघाटमा वन विज्ञान अध्ययन संस्थान पोखरा क्याम्पसका प्रमुख प्रा विनोदप्रसाद हेज्युले विज्ञान र प्रविधिका क्षेत्रमा आफ्ना ज्ञान, सीप, अनुसन्धानका नतिजा र अनुभव आदानप्रदान तथा प्रचारप्रसार गर्न वैज्ञानिक, अनुसन्धानकर्ता, शिक्षाविद् र विद्यार्थीलाई एकैसाथ भेला गर्ने उद्देश्यका साथ सम्मेलन आयोजना गर्न लागिएको जानकारी दिनुभयो ।

नेपाल विज्ञान तथा प्रविधि प्रज्ञा प्रतिष्ठान (नाष्ट) का उपकुलपति प्रा डा दिलीप सुब्बाको प्रमुख आतिथ्यतामा हुने उक्त सम्मेलनको प्रमुख वक्ता नोबेल पुरस्कार विजेता वैज्ञानिक रिचर्ड जोन रोबर्ट्स र वरिष्ठ अनुसन्धानकर्ता डा मेघनाथ धिमाल रहनुहुने छ । सम्मेलनमा प्रमुख वक्तासहित देश विदेशका करिब दुई सय ५० अनुसन्धानकर्ता र प्राज्ञिक व्यक्तित्वको सहभागिता हुने र विभिन्न प्राज्ञिक व्यक्तित्वसहित विषयगत ७६ वटा प्रस्तुतिका साथै ३० वटा पोष्टर प्रदर्शन गरिने सम्मेलनका सदस्य सचिव डा विष्णुप्रसाद देवकोटाले जानकारी दिनुभयो ।

सम्मेलनमा कृषि, पशु, मत्स्य तथा खाद्य विज्ञान, जैविक विज्ञान, इन्जिनियरिङ र प्रविधि, वन, जैविक विविधता, वातावरण र जलवायु विज्ञान, स्वास्थ्य र चिकित्सा विज्ञान, अन्तरविषय विज्ञान, नीति इन्टरफेस विज्ञान, नैतिकता विज्ञान, शिक्षा र सञ्चार, गणित, तथ्याङ्क र डेटा विज्ञान, भौतिक विज्ञान सम्बन्धमा विषयगत क्षेत्रसित सम्बन्धित अनुसन्धानका नतिजाबारे प्रस्तुति तथा छलफल गरिने बताइएको छ ।

## पुस्तकालय स्तरोन्नतिका लागि अनुदान

**पोखरापत्र संवाददाता**
पोखरा, ९ फागुन

सामुदायिक तथा सार्वजनिक पुस्तकालय स्तरोन्नतिका लागि गण्डकी प्रदेश सरकारले अनुदान दिएको छ ।

प्रदेशका १५ वटा पुस्तकालय छनोट गरी कार्यक्रम कार्यान्वयनका लागि सम्झौता गरिएको सामाजिक विकास तथा स्वास्थ्य मन्त्रालयले जनाएको छ। मन्त्रालयका उपसचिव भोजराज न्यौपानले प्रस्ताव पेस गर्नेमध्ये मापदण्ड पूरा गरेका १५ वटा पुस्तकालय अनुदानका लागि छनोटमा परेको बताउनुभयो । चालु आवमा मन्त्रालयले सामुदायिक तथा सार्वजनिक पुस्तकालय स्तरोन्नतिका लागि रु ३० लाख बजेट छुट्याएको उहाँले जानकारी दिनुभयो । "अनुदानका लागि छनोटमा परेका पुस्तकालयले रु एक लाख ७५ हजारका दरले बजेट पाउँछन्", उपसचिव न्यौपानले भन्नुभयो, "पुस्तकालयले पुस्तक खरिद, फर्निचर, सूचना प्रविधिलगायतमा अनुदान रकम खर्च गर्नुपर्ने प्रावधान छ ।" पुस्तकालयलाई सामुदायिक अध्ययन केन्द्रका रूपमा विकास गर्दै भूगोल, इतिहास, कला, साहित्य, संस्कृति, पर्यटनलगायत विषयका पठन सामग्रीको व्यवस्थापनबाट

बाँकी अन्तिम पृष्ठमा ▶▶

## पीडितले समयमै न्याय पाए मात्र न्यायपालिकाप्रतिको जनआस्था अभिवृद्धि : राष्ट्रपति पौडेल

**रासस**
काठमाडौं, ९ फागुन

राष्ट्रपति रामचन्द्र पौडेलले वास्तविक रूपमा पीडितले समयमै न्याय पाउन सकेमा मात्र न्यायपालिकाप्रतिको जनआस्था अभिवृद्धि भई न्यायपालिकाका उद्देश्य हासिल हुनसक्ने बताउनुभएको छ ।

राष्ट्रपति भवन शीतल निवासमा बुधबार आयोजित समारोहमा प्रधानन्यायाधीश विश्वम्भरप्रसाद श्रेष्ठले बुझाउनुभएको सर्वोच्च अदालत, न्यायपरिषद् र न्याय सेवा आयोगको आर्थिक वर्ष २०७९/८० को वार्षिक प्रतिवेदन बुझ्दै राष्ट्रपति पौडेलले उक्त धारणा व्यक्त गर्नुभएको हो । जनताको आस्था, विश्वास र धरोहरको केन्द्र न्यायपालिकाले आगामी दिनमा पनि जनविश्वास प्राप्त गर्न सकोस भन्दै उहाँले न्याय सस्तो र सर्वसुलभ भई गरिब, असहाय, अशक्त र अल्पसङ्ख्यकको सहज पहुँचमा हुनुपर्नेमा जोड दिनुभयो ।

"न्याय छिटोछरितो, पीडितमैत्री भएमा न्यायालयको स्वतन्त्रता, अखण्डता र सक्षमता कायम रही रहनेछ भन्ने विश्वास लिएको छु", राष्ट्रपति पौडेलले भन्नुभयो, "न्याय क्षेत्रका सुधारका नीति, योजना र प्रतिवेदनलाई पूर्णरूपमा कार्यान्वयनमा लैजान सके कानुनी शासनको प्रत्याभूति हुने कुरा सुनिश्चित गर्न सहज हुन्छ ।" राष्ट्रपति पौडेलले न्यायिक प्रक्रियामा सूचना प्रविधिको विकासलाई सुदृढ गर्दै प्रविधिमैत्री बनाई तारेख व्यवस्थापन, फैसला कार्यान्वयन प्रभावकारी बनाउने, दण्ड जरिवाना असुलीको अभियान सञ्चालन गर्नेलगायतका कार्यको माध्यमद्वारा न्यायिक कार्यमा शुद्धता, पवित्रता, निष्ठा, इमान्दारिता र जवाफदेहिता कायम गर्ने सन्दर्भमा सर्वोच्च अदालत तदारूकताका साथ लागेको छ भन्ने विश्वास व्यक्त गर्नुभयो । न्यायपालिकालाई स्वतन्त्र, निष्पक्ष र गतिशील एवं न्यायको मर्मलाई दरिलो बनाई यसप्रतिको जनविश्वास थप मजबुत बनाउँदै स्वतन्त्र र निष्पक्ष भूमिका निर्वाह गर्नुपर्नेमा उहाँले जोड दिनुभयो ।

राष्ट्रपति पौडेलले भन्नुभयो, "मुद्दाको चाप र मुद्दा फर्छ्योटको हालको अवस्था नै सर्वोच्च अदालतको गहन चुनौती र यसको सहज अवतरणको खोजी गर्नु हो । यसको निराकरणका लागि कानुनमा आवश्यक सुधार गर्नुपर्ने देख्दछु ।"

## जनतालाई केन्द्रमा राखेर काम गर्न पार्टीलाई सुझाव

**रासस**
काठमाडौं, ९ फागुन


नेपाली कांग्रेसको महासमिति बैठकमा बोल्ने वक्ताहरुले पार्टीले जनतालाई केन्द्रमा राखेर अगाडि बढ्नुपर्ने बताएका छन् ।

ललितपुरको गोदावरीस्थित सनराइज सम्मेलन केन्द्रमा जारी महासमिति बैठकमा धारणा राख्ने अधिकांश सदस्यहरुले पार्टीबाट टिकट लिई जनप्रतिनिधि भएका सबैले तल्लो तहका जनतालाई केन्द्रबिन्दुमा राखेर हरेक विकास निर्माणका काम अगाडि बढाउनुपर्नेमा जोड दिएका हुन् ।

बैठकमा कांग्रेस गोरखाका महासमिति सदस्य प्रकाशचन्द्र दवाडीले पार्टीबाट टिकट लिएर चुनाव जितेपछि जनताको घरदैलोमा जनप्रतिनिधि नपुग्दा समस्या परेको बताउनुभयो । "पार्टीबाट टिकट लिएर चुनाव जित्ने, त्यसपछि पार्टीको सम्बन्ध र जनताको समस्यालाई सुन्दै नसुन्ने प्रवृत्ति देखिएकाले पार्टीलाई समस्या देखिएको हो", उहाँले भन्नुभयो । महासमिति सदस्य दवाडीले केन्द्रीय नेता स्थानीय तहबाट प्रतिनिधि भएर आउँदा कार्यकर्तामासमेत खुसी छाउने भएकाले सो व्यवस्था विधानमा गरिनुपर्ने बताउनुभयो । एक व्यक्ति, एक पदको व्यवस्था गर्नुपर्ने उहाँको भनाइ थियो ।

कांग्रेस चितवनका सभापति राजेश्वर खनालले राजनीतिलाई विकाससँग जोड्न सकेमात्र पार्टी बलियो हुने बताउनुभयो । पार्टीलाई शिक्षा,

बाँकी अन्तिम पृष्ठमा ▶▶



# बिटी कप: उपाधिका लागि एट टु नाइन र लामागाउँ भिड्ने

**पोखरापत्र संवाददाता**
पोखरा, ९ फागुन



बुद्धटोल युवा (बिटी) क्लबको आयोजनामा जारी सातौं विरेन स्मृति १७ औं बिटी कप खुल्ला फुटबल प्रतियोगिताको उपाधिका एट टु नाइन एफसी र लामागाउँ गुम्बा एफसी भिड्ने भएका छन् ।

पोखरा महानगरपालिका १ पुरानो टुंडिखेलमा आज (बुधबार) भएको पहिलो सेमिफाइनल खेलमा एट टु नाइन एफसीले एलसी ब्रदर्शलाई पेनाल्टी सुटआउटमा ३-२ गोलले पराजित गर्दै फाइनलमा स्थान बनाएको हो ।

एट टु नाइन एफसी र एलसी ब्रदर्शबीच भएको पहिलो सेमिफाइनल खेल गोलरहित निर्धारित समय सकिएपछि पेनाल्टी सुटआउटमा एट टु नाइन एफसी ३-२ गोलले विजयी बन्यो । पेनाल्टी सुटआउटमा एट टु नाइनका धुव्र घिमिरे, किरण मगर र जीवन गुरुङले गोल गरे । यस्तै एलसी ब्रदर्शका विशाल गुरुङ र अजित गुरुङले गोल गर्दा धिरज मगरको पेनाल्टी एट टु नाइनका गोल किपर राज गुरुङले विफल पारिदिए । दोस्रो सेमिफाइनल खेलमा लामागाउँ गुम्बा एफसीले रामघाट रामघाट एफसीलाई पेनाल्टी सुटआउटमा ३-१ गोल अन्तरले पराजित गर्दै फाइनलमा स्थान पक्का गरेको छ । दोस्रो सेमिफाइनल खेलमा लामागाउँ गुम्बा एफसी र रामघाट रामघाट एफसीबीच भएको खेल गोलरहित निर्धारित समय सकिएपछि पेनाल्टी सुटआउटमा लामागाउँ गुम्बा एफसी ३-२ गोलले विजयी बन्यो ।

पेनाल्टी सुटआउटमा लामागाउँ एफसीका मनिष क्षेत्री, सनिम थापा र युनिक तामाङले गोल गरे । भने यस्तै रामघाट एफसीका अमृत कुँवरले गोल गर्दा लामागाउँका गोल किपर अञ्जन क्षेत्रीले राहुल गुरुङको पेनाल्टी विफल पारी दिए ।

सातौं विरेन स्मृति १७ औं बिटी कप खुल्ला फुटबल प्रतियोगिताको उपाधिका एट टु नाइन एफसी र बीच भोलि बिहीबार प्रतिस्पर्धा हुने खेल संयोजक रामकाजी गुरुङले बताए । उनका अनुसार कुल ५६ टिमको सहभागिता रहेको सो प्रतियोगिताको विजेताले नगद १ लाख ७१ हजार १ सय ११ रुपैयाँ, शिल्ड तथा मेडलसहित प्रमाणपत्र प्राप्त गर्नेछ ।

यस्तै उपविजेताले १ लाख ५ हजार ५ सय ५५ रुपैयाँ, शिल्ड तथा मेडलसहित प्रमाणपत्र प्राप्त गर्नेछ । प्रतियोगिताको सर्वोत्कृष्ट खेलाडीले ट्रफिसहित नगद रु १० हजार हात पार्नेछ भने उत्कृष्ट गोलरक्षक, डिफेन्डर, मिडफिल्डर र सर्वाधिक गोलकर्तालाई जनही ८ हजार रुपैयाँ र ट्रफि प्रदान गरिनेछ भने अनुशासित एक टिमलाई १० हजार रुपैयाँसहित ट्रफि प्रदान गरिनेछ ।

# भारतीय पेन्सन वितरण कार्यालय पोखरामा इन्टर बटालियन भूपू भलिबल प्रतियोगिता सुरु

**पोखरापत्र संवाददाता**
पोखरा, ९ फागुन

भारतीय दूतावास पेन्सन वितरण कार्यालय रामबजार पोखरामा इन्टर बटालियन भूपू भलिबलप्रतियोगिता-२०२४ सुरु भएको छ । आगामी १७ फागुनसम्म सञ्चालन हुने सो प्रतियोगितामा १८ टिमले भाग लिएका छन् ।

बुधबार एक समारोहबीच कार्यालय प्रमुख लेफ्टिनेन्ट कर्नेल प्रशान्त बघेलले रेफ्री हितकुमार गुरुङलाई बल हस्तान्तरण गरी प्रतियोगिता उद्घाटन गरे । शारीरिक तथा मानसिक विकाससहित भूपूहरुबीच आपसी भेटघाटएवं भाइचारा सम्बन्ध विकासमा खेलले सघाउ पुग्ने उनको भनाइ छ । ६/८ जिआर र २/८ जिआरबीच उद्घाटन खेलमा सोझो सेटमा ६/८ जिआर विजयी भयो । २५-१७, २५-१७ र२५-१० सेटमा उसले खेल



जितेको हो । पहिलो दिनमा भएका ३ खेलमध्ये दोस्रोमा १/१ जिआर र तेस्रोमा २/५जिआर विजयी भए । आफ्नो अनुपस्थितिमा २/९ जिआरले १/१ जिआरलाई र ५/१ जिआरले २/५ जिआरलाई वाकओभर दिएको धनवीर गुरुङले जानकारी दिए । उद्घाटन समारोहमा भारतीय भूतपूर्व कर्नेल कृष्णबहादुर खत्री, एसबिआई बैंक गण्डकी प्रदेश प्रमुख मीनबहादुर गुरुङ, एभरेस्ट बैंक गण्डकी प्रदेश प्रमुख सुधीर गौतम, भूपू सैनिक परिवार लगायत उपस्थित रहेको बिबि पाण्डेले बताए । पाँचौं संस्करणको यो प्रतियोगिता विजेतालाई ५० हजार र उपविजेतालाई ३५ हजार पुरस्कार प्रदान गरिने आयोजकले जनाएको छ । उक्त प्रथम पुरस्कारको प्रायोजक एसबिआई बैंक लि. र दोस्रो पुरस्कारको प्रायोजक एभरेष्ट बैंक लि. रहेका छन् ।

# ६० वर्ष उमेर समुहको बुढा तन्नेरी मेन्स डबल राष्ट्रिय ब्याडमिन्टन प्रतियोगिता पोखरामा हुने

**पोखरापत्र संवाददाता**
पोखरा, ९ फागुन



पोखरामा यही फागुनको १२ गते अर्थात शनिबार प्रथम ६० बर्ष उमेर समुहको बुढा तन्नेरी मेन्स डबल राष्ट्रिय ब्याडमिन्टन प्रतियोगिता-२०८० हुने भएको छ ।

साठी प्लस बुढा तन्नेरी ब्याडमिन्टन क्लबको आयोजनामा पोखरामा पहिलो पटक उक्त प्रतियोगिता हुने भएको बुधबार पोखरामा आयोजित पत्रकार सम्मेलनमा जानकारी गराइएको हो । पोखरा मुस्ताङचोकमा रहेको पोखरा स्पोर्ट्स एण्ड व्याडमिन्टन क्लव (सिरमोर हल) मा हुने यस प्रतियोगितामा देश भरबाट २४ टिमको सहभागिता हुने भएको क्लवका अध्यक्ष रुद्र बहादुर घलेले बताउनु भयो । प्रतियोगिताको विजेता जोडीले ३० हजार साथमा ट्रफी, मेडल र प्रमाण पत्र वितरण गरिने भएको छ । प्रतियोगितामा उपविजेताको जोडीले २० हजार र तेश्रो हुने दुई जोडीको टिमलाई समान १०/१० हजारको साथमा ट्रफी, मेडल र प्रमाण पत्र वितरण गरिने भएको प्रतियोगिताका संयोजक श्यामकृष्ण श्रेष्ठले बताउनु भयो । "स्वास्थ्यको लागि खेलकुद, राष्ट्रको लागि खेलकुद, खेलकुद नै जीवन हो, खेल खेली स्वस्थ रहौं" भन्ने नाराका साथ व्याडमिन्टन खेलको प्रबर्द्धन गर्न आफुहरु एक जुट भएको क्लवका सल्लाहकार माधव पहारीले बताउनु भयो ।

पोखरा खेलकुदको राजधानी शहरको रुपमा विकसित हुँदै गदाँ थप आकर्षणको लागि र खेल विकासको लागि ६०' बुढा तन्नेरी ब्याडमिन्टन क्लबले राष्ट्रिय रुपमा ६०' को मेन्स डबल ब्याडमिन्टन प्रतियोगिता नेपालमा पहिलो पटक आयोजना गर्न लागेको सो प्रतियोगिताले पोखरा शहरमा थप इतिहास रच्ने भएको अध्यक्ष घलेले दाबी गर्नु भयो । यस खेलको माध्यमबाट एक आपसमा भाइचाराको वृद्धि भई मित्रभाव सद्भाव बढाउने क्लवले विश्वास लिएको छ । क्लबमा राष्ट्रिय तथा अन्तराष्ट्रिय खेलहरु खेलिसक्नु भएका खेलाडीहरु पनि सदस्य भएकोले व्याडमिन्टन खेलको विकासमा आफुहरु कटिवद्ध भएको सचिव दुर्गा बहादुर गुरुङले बताउनु भयो । बुढा तन्नेरी क्लबमा आजीवन २३ र साधारण ७ जना गरी ३० जना सदस्य रहनु भएको उहाँले जनाउनु भयो ।

ि ज ल ल ा

बाहिरका खेलाडीहरुलाई एक दिनको आवासिय सुविधा हुने भएको छ । पोखरा अल्पाइन एण्ड स्प्रीङ होटल प्रतियोगितामा होटल पाट्नरको रुपमा रहेको सदस्य चन्द्रकाजी गुरुङले बताउनु भयो टिम दर्ता शुल्क भने ३ हजार रहेको छ क्लवले जनाएको छ ।

# लायन्स सेन्ट्रल गार्डनको वित्तीय साक्षरता तथा लागूपदार्थ दुर्व्यसन विरुद्धको सचेतना

**पोखरापत्र संवाददाता**
पोखरा, ९ फागुन

लायन्स क्लब अफ पोखरा सेन्ट्रल गार्डनले सामुदायिक विद्यालयतर्फ माध्यमिक तहका विद्यार्थी लक्षित वित्तिय साक्षरता तथा लागूपदार्थ दुर्व्यसन विरुद्धको सचेतना संयुक्त कार्यक्रम सम्पन्न गरेको छ ।

पोखरा १३, आर्वामा अवस्थित आर्वा बिजय माध्यमिक विद्यालयमा आयोजना गरिएको सचेतनामा ८५ जना विद्यार्थी भाइबहिनीको सहभागीता रहेको थियो ।

सिद्धार्थ बैङ्कसंगको सहकार्यमा आयोजित वित्तय साक्षरता कार्यक्रममा बैङ्किङ्ग क्षेत्रले प्रवाह गर्ने विविध सेवा सुविधाहरुको जानकारी, यस क्षेत्रको बढ्दो डिजिटलाईजेशनका फाईदाहरु साथ साथै सम्भावित जोखिमका प्रकृती र यसबाट बच्न अपनाउनु



पर्ने सजकताको विषयमा सिद्धार्थ बैङ्क बगर शाखाका शाखा प्रमुख हरि बहादुर भाटले सहजिकरण गरेका थिए । नौलो घुम्ती नेपाल संगको सहकार्यमा आयोजित लागूपदार्थ दुर्व्यसनविरुद्धको सचेतना सहजकर्ता ओम गुरुङले विशेष गरेर किशोर अवस्थामा लागूपदार्थ दुर्व्यसनका घटना धेरै भएकाले त्यसतर्फ व्यक्ति, परिवार र समुदाय सचेत हुन आवश्यक रहेको धारणा राखे । क्लबको कार्यक्रमको प्रशंसा गर्दै विद्यालयका प्रधानाध्यापक पदमा देवी बरालले विद्यार्थी भाई बहिनिहरुलाई कितावी ज्ञानले मात्र पर्याप्त नभईकन थप यस्ता कार्यक्रमहरुले सचेत बनाउनुका साथै बढ्दो उमेरका भाइबहिनीलाई सही-गलत बाटो छुट्याउन अगाडि बढ्न महत्वपूर्ण योगदान दिने बताइन ।कार्यक्रमको संचालन क्लबका पुर्व अध्यक्ष कृष्ण रानाभाटले गरेका थिए भने कार्यक्रमको अध्यक्ष वर्ष २३/२४ का अध्यक्ष तुल रानाभाटले कार्यक्रम सफल पार्न प्रत्यक्ष-अप्रत्यक्ष सहयोग गर्ने सम्पूर्ण प्रति आभार व्यक्त गरे ।

## जनतालाई...

रोजगारी र कृषिलाई जोडेर लैजाँदा जनशक्ति व्यवस्थापनमा सहज हुने उहाँको भनाइ थियो ।

कांग्रेस धनकुटा सभापति दिनेश राईले कोशीमा प्रदेश नामाङ्कको विषय पेचिलो बन्दै गएको भन्दै उक्त विषयमा पार्टीले आधिकारिक धारणा सार्वजनिक गर्नुपर्ने बताउनुभयो ।


जनसम्पर्क समितिबाट प्रतिनिधित्व गर्नुभएकी महासमिति सदस्य सीता सापकोटाले विदेशमा रहेका नेपालीलाई पनि यही देशमा राजनीति गर्ने अधिकार प्रदान गर्नुपर्ने बताउनुभयो । "पार्टीले गैरआवासीय नेपालीलाई मतदानको व्यवस्था गर्नुपर्छ", उहाँले भन्नुभयो । बैठकमा ललितपुरका महासमिति सदस्य कवेलबहादुर लामाले विगतमा नेताहरुको निर्णयको कमजोरीले गर्दा माओवादी र एमालेबीच गठबन्धन भएको र सोही कारणबाट असक्षम व्यक्तिले राजनीति नियुक्ति पाएर जिम्मेवारीमा रहँदा समस्या भएको बताउनुभयो । "राजनीतिक नियुक्ति पाएर महत्वपूर्ण जिम्मेवारीमा रहँदा कतिपय ठाउँमा सरकारले चाहेअनुरुप जनचाहना सम्बोधन गर्नेगरी काम हुन सकेका छैनन् । पार्टीले हरेक निर्णय गर्दा देशका सबै पक्षलाई ध्यान दिनुपर्छ । कांग्रेस राष्ट्रिय पार्टी भएकाले सबैलाई समेट्नेगरी अगाडि बढ्नुपर्छ", उहाँले भन्नुभयो ।

महासमिति सदस्य शेखर खड्का, विमल सुवेदी र विष्णु पोखरेलले बैठकमा महामन्त्रीले राख्नुभएको प्रस्तावमाथि समर्थन जनाउँदै प्रतिवेदनलाई अक्षरशः पालना गरे पार्टी चलायमान बनाउन सहयोग पुग्ने विश्वास व्यक्त गर्नुभयो ।

## पुस्तकालय ...

गण्डकी प्रदेशको पहिचानलाई सुदृढ बनाउने उद्देश्य लिइएको उहाँको भनाइ थियो । अनदान प्राप्त गर्नेमा कास्कीको दीपशिखा, पोखरा सार्वजनिक पुस्तकालय, पोखरा सामुदायिक, बागलुङको विद्यामन्दिर, स्याङ्जाको कालिका, मातृभूमि र अर्जुनचौपारी, लमजुङको जनचेतना र भोटेओडार, मुस्ताङको थाक, म्याग्दीको सामुदायिक, तनहुँको देवघाट, गोरखाको त्रिभुवन, नवलपुरको नवक्षितिज र फूलबारी सामुदायिक पुस्तकालय तथा स्रोत केन्द्र रहेका छन् । ती पुस्तकालयले आगामी वैशाख मसान्तभित्र कार्यक्रम गरिसक्ने गरी सम्झौता गरिएको उपसचिव न्यौपानेले बताउनुभयो । मन्त्रालयले बर्सेनि प्रदेशभित्रका सामुदायिक तथा सार्वजनिक पुस्तकालय स्तरोन्नतिका लागि अनुदान उपलब्ध गराउँदै आएको छ । पुस्तकालय दर्ता, नियमित सञ्चालन, वार्षिक कार्ययोजना, संस्थागत सुशासनलगायतलाई आधार मानेर अनुदानका लागि छनोट गर्ने गरिएको मन्त्रालयले जनाएको छ ।

कपालको उपचार
कपाल झर्न तुरुन्त रोक्ने तथा उमार्ने
के तपाई कपाल झरेर चिन्तित हुनुहुन्छ ?
● कपाल कोर्दा, नुहाउदाँ समेत सय भन्दा वढी नियमित झरिहेको छ,
● चिसो समयमा कपालका समस्याहरु बढ्न सक्छन्
● कपालको वीच वीचमा टाटुपरेर झरेको छ, कपाल चिलाउने, चाँया पर्ने, चिसोको समयमा चाँया पर्ने, कपाल झर्ने तथा टाउकोमा घाउ खटिरा आउने जस्ता समस्या छन् ।
● कपाल झरेको कारणले झुसिलो, पातलो, छोटो भएको छ, कपाल समय अगावै फुल्ने, टाउकोको अगाडिको भाग झर्ने, दाढी झर्ने, अनावश्यक रौं पलाउने भएको छ । यदि यस्ता समस्या तथा कपालका कुनैपनि समस्या भएका छन् भने एक पटक सम्पर्क राखी स्वास्थ्य लाभ लिनुहोला ।



सम्पर्कः पञ्चम आयुर्वेद क्लिनिक प्रा. लि.
पोखरा-१०, इन्द्रमार्ग, पोखरा रंगशाला नजिकै
फोन नं. ०६१-४३२२४२, ९८४६०६८८०६

प्यारालाइसिसका बिरामीको उपचार
विगत १८ वर्षदेखि सञ्चालित यस हस्पिटलमा विशेष छुटका साथ नयाँ तथा पुराना प्यारालाईसिसका बिरामीहरुको सफल उपचार भैरहेको जानकारी गराउँदछौं ।
प्रेसरले हानेर प्यारालाईसिस भएका बिरामीहरूको मात्र उपचार भइरहेको छ ।
लक्षणहरु :
» शरिरको एक हर नचल्ने ।
» मुख बाङ्गो भएको ।
» खाना खान, बोल्न, पिसाब गर्न गाह्रो भएको ।
» हिंड्न नसक्ने, खुट्टा हात लुलो भएको ।
सम्पर्कः
स्पार्क वि एण्ड डि हस्पिटल प्रा.लि.
पोखरा-८ न्यूरोड, सभागृहचोक
फोन नं. ०६१-५७१४०८, ९८५६०२६७५०,९८६६४१५३८०

के तपाईमा यौनसम्बन्धी समस्या छ
पुरुषमा देखिने:
शिघ्रपतन, यौन सन्तुष्टी नहुने, यौन चाहना नहुने, लिङग उत्तेजना नहुने, लिङ चिलाउने, सरूवा यौन रोग, स्वप्नदोष, लिङगको आकार सानो हुने आदि ।
महिलाहरुमा देखिने:
स्तन सानो गिलो हुने, सेतो पानी बग्ने, योनी चिलाउने, तल्लो पेट दुख्ने, ढाड दुख्ने, महिनाबारीमा गडवडी, यौन सन्तुष्टिमा कमी हुने आदि ।
सुन्दरता : अनुहारका सबै किसिमका दाग, डण्डीफोर कालोपोतो, अनावश्यक कोठी वा फोकाहरु, दुवी, सेता दुवी, साथै अन्य चर्मरोगहरु ।
मलद्वार सम्वन्धी रोग : छारसुत्रद्वार पायल्स, फिस्टुला, फिसरको सफल उपचारका साथै मलद्वारमा मासु पलाएको, दिसा बस्दा गाह्रो हुने, मलद्वार दुख्ने, पोल्ने, दिसासँग रगत बग्ने आदि समस्याहरूको सफल उपचार गरिन्छ।
महिला वा पुरुषमा हुने (बाँझोपन) निःसन्तानपनको सफल उपचार
जाँच्ने समयः प्रत्येक दिन बिहान ९:०० बजेदेखि बेलुकी ५:०० बजेसम्म
सम्पर्क स्थान :
माता मनकामना आर्युर्बेद क्लिनीक प्रा.लि.
नयाँबजार पोखरा (न्यू विवेक आयल स्टोर्सको घरमा)
फोन ०६१- ५८९१९४, ९८४४३११९०४, ९८०६५७५७६५
नोट : नयाँ तथा पुराना बिरामीहरुले यथाशीघ्र सम्पर्क गर्नुहोला।

फेवा प्रकाशन प्रा.लि.द्वारा प्रकाशित पोखरापत्र राष्ट्रिय दैनिकका लागि प्रधान सम्पादक : पुण्य पौडेल, सम्पादकः रतन गुरुङ, कार्यकारी सम्पादक : शोभाकान्त सिग्देल, प्रबन्धसम्पादकः नारायण भण्डारी
कार्यालयः नयाँबजार, पोखरा, फोनः ०६१-५८२५०८, ०६१-५७०६५१, ०६१-५३७८५७ E–mail: pokharapatradaily@gmail.com, pokharapatra@yahoo.com,Website : www.pokharapatra.com.np मुद्रणः हिमालय अफ्सेट प्रेस, नयाँबजार, पोखरा ।

**सुक्तिसुधा**

आत्मा अमर छ, न यो जन्मन्छ न मर्छ । -गीता

## सम्पादकीय

# कांग्रेसको द्वैध नीति

नेपाली काङ्ग्रेस भित्रको रस्साकस्सी पछि कांग्रेस महामन्त्री गगन थापाले आगामी निर्वाचनहरूमा कुनै पनि पार्टीसँग गठबन्धन नगर्ने प्रस्ताव महासमिति बैठकमा पेस गरेका छन् । मंगलबार पार्टीको महासमिति बैठकमा सांगठनिक प्रस्ताव पेस गर्ने क्रममा थापाले सबै निर्वाचन क्षेत्रमा कांग्रेसको चुनाव चिह्न रुखवाला मतपत्र हुने सुनिश्चित गर्नुपर्ने बताएका छन । काङ्ग्रेसले कम्युनिस्टसंग गठबन्धन गरेर चुनाव लड्दा मत घटेको वुझाइ काङ्ग्रेसीमा छ । नेकपा एमालेलाई कमजोर बनाउन र कम्युनिस्ट मिल्न नदिन काङ्ग्रेसले लिएको बाटोले नयाँ दलको उदय भएको छाअब काङ्ग्रेस एक्लै सक्षम छ भन्ने देखाउन महामन्त्री थापाले चुनाव अघि गठबन्धन नगर्ने माहोल बनाउन दह्रो उभिएका छन ।

काङ्ग्रेसको नेतृत्वमा बनेको गठबन्धन भएकोले वर्तमान सत्तारुढ गठबन्धन संविधान रक्षाका लागि बाध्यात्मक अवस्थाको उपज भएको बताउँदै थापाले आगामी निर्वाचनमा भने कांग्रेस एक्लै चुनाव लड्ने प्रतिबद्धता महासमिति बैठकले गर्नुपर्ने प्रस्ताव राखेका छन।सत्ताको स्वाद चाखेपछि अपजसको भारी नबोल्ने चलाखी हो । ‘कांग्रेस यस महासमिति बैठकबाट पार्टीका तमाम सदस्य, सुभेच्छुक तथा आम नागरिकलाई पूर्ण विश्वास दिलाउँदै दृढ संकल्प गर्दछ कि हामी अब भविष्यमा हुने आवधिक निर्वाचनहरू आफ्नै तागतमा एक्लै लड्नेछौं,’ । ’हाम्रो मतदातालाई नेपाली कांग्रेसको चुनाव चिह्न रुखमा नै मत हाल्न पाउने अवस्था सुनिश्चित गर्नेछौं ।’

त्यसका लागि कांग्रेसको संगठनलाई थप ऊर्जाशील बनाउँदै आम जनतामा कांग्रेसप्रति विश्वास जगाउनुपर्ने थापाको भनाइ छ। हाम्रो आफ्नै संगठनलाई थप ऊर्जाशील बनाउँदै, आम जनताको विश्वास बढाएर कांग्रेसले एक्लै बहुमत ल्याउन सक्ने पार्टीको रूपमा पुनर्स्थापित हुनेछौं,। थापाको प्रस्ताव चुनावमा नयाँ कुरा लाने र गठबन्धन नरुचाउने मत तान्ने उपाय हो। प्रतिवेदनमा थापाले गठबन्धन नगर्ने कुरा राखेपछि सभापति शेरबहादुर देउवाले असन्तुष्टि जनाएका थिए । तर थापाको प्रतिवेदनमा वर्तमान सत्तारुढ गठबन्धनलाई भने प्रतिनिधिसभाको वर्तमान कार्यकालभर कायमै राख्नुपर्ने कुरा उल्लेख गरिएको छ। देउवाको सत्ताको नेतृत्व गर्ने बाटो खुला गर्ने तरिका हो । दुवैलाई जिताउने उपाय हो ।

‘एउटा विशिष्ट राजनीतिक परिस्थितिमा संविधानको रक्षाको लागि कांग्रेसले निर्वाचन अगाडिको गठबन्धनको नेतृत्व गर्नपर्‍यो । गत निर्वाचनमा नेपाली कांग्रेसले पाँच वर्षको लागि गठबन्धनसहित मत मागेकाले यो अवधिसम्म जनतासँगको वाचा र अन्य साझेदार दलहरूसँगको सम्झौता बमोजिम राजनीतिक इमानदारिता प्रदर्शन गर्नुपर्छ भन्नेमा हामी सचेत छौं,’ थापाको प्रतिवेदनमा भनिएको छ ।

निर्वाचनपछि गठबन्धन गर्न सकिने तर सबै निर्वाचन क्षेत्रमा पहिले नै गठबन्धन गरेर उम्मेदवार नउठाउने प्रस्ताव थापाले ल्याएका छन। कुनै पनि दलले बहुमत प्राप्त नगरेको अवस्था नीति तथा कार्यक्रमका आधारमा गठबन्धन हुनसक्ने उनको प्रतिवेदनमा उल्लेख छ । ‘कुनै पनि दलले बहुमत प्राप्त नगरेको अवस्थामा निर्वाचन पछाडि निश्चित साझा नीति तथा कार्यक्रम बनाएर सरकार संचालनका लागि अन्य दलसँग तालमेल गर्ने कुरा चुनावपछाडि स्वाभाविक हुनसक्छ,’ । उमेदवार खडा नगर्ने र जुनसुकै मूल्य चुकाएर देशभक्त शक्तिलाई कमजोर बनाउने रणनीतिले संविधान र लोकतन्त्रको रक्षा हुन सक्दैन ।पार्टीको सिद्धान्त ,मुल्य र मान्यता छोडेर खाली सत्तामा जाने देशलाई परनिर्भर बनाउने बाटोमा काङ्ग्रेस जाँदैन भन्ने सन्देश दिनु अहिलेको माग हो ।


## तपाईको आज

| | | | |
|---|---|---|---|
| मेष | : शत्रुको भय | तुला | : अप्रत्यसित लाभ |
| वृष | : झमेला बड्ने | वृश्चिक | : सत्कार मिल्नेछ |
| मिथुन | : कार्यमा सफलता | धनु | : आर्थिक समस्या |
| कर्कट | : शुभ यात्रा | मकर | : मानसिक तनाब |
| सिंह | : स्वस्थ्यमा सुधार | कुम्भ | : शारीरिक झमेला |
| कन्या | : सहयोग मिल्नेछ | मीन | : ब्यापारमा लाभ |

**हरिसिद्धि भविश्यवाणी केन्द्र**

पोखरा–१६, जोगिमणीमार्ग, मोबाइलः ९८५६०२०५८६

चिना, टिप, हस्तरेखा,आखत,माटो हेर्नका लागि सम्झनुहोस् ।


# ‘नमूना पशु अस्पताल’ निर्माणमा विलम्ब

**पोखरापत्र संवाददाता**
तनहुँ, ९ फागुन

भेटेरिनरी अस्पताल तथा पशुसेवा विज्ञ केन्द्र तनहुँको परिसरमा निर्माणाधीन ‘नमुना पशु अस्पताल’को निर्माणमा विलम्ब भएको छ । गत पुसमा सम्पन्न गर्नेगरी भएको निर्माण सम्झौता पालना भएको छैन । भवनको काम भने अधुरै छ ।

निर्माण कम्पनीले ढिलासुस्ती गरेका कारण सम्झौताअनुरुप सम्पन्न गर्न नसकिएको सङ्घीय तथा कार्यान्वयन एकाइ कास्कीका इन्जिनियर शिव सुनारले राससलाई बताउनुभयो । भवन निर्माणको जिम्मा इको विल्डर्सले पाएको छ । भवनको हालसम्म ७० प्रतिशतमात्र प्रगति भएको छ । जतिसक्दो चाँडो निर्माण सम्पन्न गर्न कम्पनीलाई दबाब दिँदै आएको उहाँले बताउनुभयो । गण्डकी प्रदेश सरकारको मूल्य अभिवृद्धि कर (भ्याट)बाहेक रु चार करोड ९० लाखको लागतमा उक्त कम्पनीले ठेक्का सम्झौता गरेको थियो । बहुवर्षीय योजनाअन्तर्गत अस्पतालको भौतिक संरचना क्रमशः विस्तार गर्दै जाने योजनामा प्रदेश सरकार रहेको जनाइएको छ ।

अस्पतालका आवश्यक भौतिक पूर्वाधार निर्माण गरी सञ्चालन गर्न रु १० करोड लाग्ने अनुमान छ । दमौलीमा पशु अस्पताल सञ्चालन भएपछि तनहुँका साथै छिमेकी जिल्ला गोरखा, लमजुङ र नवलपरासी आसपासका किसाना लाभान्वित हुनेछन् । पशु धनलाई क्षति हुनबाट जोगाउन पशु स्वास्थ्य कार्यक्रम प्रभावकारी हुने भेटेरिनरी अस्पताल तथा पशुसेवा विज्ञ केन्द्रले जनाएको छ ।

# विश्वकप क्रिकेट लिग दुई : नेपाल नामिबियासँग पराजित

**रासस**
काठमाडौं, ९ फागुन

आइसिसी विश्वकप क्रिकेट लिग-२ अन्तर्गत नामिबिया र नेदरल्यान्ड्स सम्मिलित त्रिकोणात्मक शृङ्खलाको आफ्नो तेस्रो खेलमा नेपाल नामिबियासँग दुई विकेटले पराजित भएको छ ।

नेपालले जितको लागि दिएको एक सय ६९ रनको मध्यम लक्ष्य नामिबियाले ४० ओभरमा आठ विकेट गुमाउँदै लक्ष्य पूरा गर्‍यो । नामिबियाको जितमा जेराल्ड एरास्मसले सर्वाधिक ५२ रनको योगदान दिए । उनले ५७ बल खेल्दै आठ चौका र दुई छक्काको सहायताले सर्वाधिक ५२ रनको योगदान गरेका हुन ।

त्यसैगरी जेजे स्मिथले अविजित ३४ रन बनाउँदा माइकल भान लिंगेनले ३१ रन बनाए । त्यस्तै रुबेन ट्रम्पलम्यानले १६ रन बनाए भने बर्नार्ड स्कोलज र निको डाभिनले समान आठ आठ रन जोडे । बलिङतर्फ नेपालका कुशल भुर्तेलले तीन विकेट लिए भने कप्तान रोहितकुमार पौडेल, दीपेन्द्रसिंह ऐरी, ललित राजबंशी र कुशल मल्लले समान एक एक विकेट लिए । त्यसअघि कीर्तिपुरस्थित त्रिवि क्रिकेट मैदानमा टस हारेर पहिला ब्याटिङको निम्तो पाएको नेपालले ३७ दशमलव १ ओभरमै सबै विकेट गुमाएर एक सय ६८ रनको योगफल बनाएको थियो । नेपालका लागि आशिफ शेखले सर्वाधिक ५८ रनको योगदान दिए । उनले ६४ बलमा आठ चौका र एक छक्काको मद्दतमा ५८ रनको योगदान दिएका हुन । त्यस्तै कुशल मल्ल ३८, भीम सार्की २६, कुशल भुर्तेल १८ तथा करण केसीले १२ रन बनाए । त्यस्तै नेपालका कप्तान रोहित पौडेल, अनिल साह र देव खनाल रनको खाता नै नखोली आउट भए । बलिङतर्फ नामिबियाका बर्नार्ड स्कोल्ज र निकोल लोफ्टि-इटनले समान चार चार विकेट लिए भने ज्याक ब्रेसल र जेराल्ड एरास्मसले समान एक/एक विकेट लिए ।

## नागरिक पारदर्शिताका लागि सार्वजनिक लेखा परीक्षण

पोखरा महानगरपालिका वडा नं. १३ आर्वामा कसेरीदेखि अमलबोट हुँदै मणिदिप जाने सडक निर्माण गर्दा निम्न बमोजिमको आम्दानी तथा खर्च भएको व्यहोरा सम्बन्धित सरोकारवालाहरुको जानकारीको लागि यो सार्वजनिक सूचना प्रकाशन गरिएको छ ।

योजनाको नामः कसेरीदेखि अमलबोट हुँदै मणिदिप जाने सडक निर्माण

ठेगानाः पोखरा-१३, आर्वा

योजना सम्झौता मितिः २०८०/०८/२७ गते

योजना शुरु मितिः २०८०/०८/२८ गते

योजना सम्पन्न हुने मितिः २०८०/११/३० गते

योजना सम्पन्न भएको मितिः २०८०/११/०५ गते

योजनाको कुल लागतः रु. १६,६६,६६७/-

महानगरपालिकाबाटः रु. १५,००,०००/-

जनसहभागिताबाटः रु.१,६६,६६७/-

अध्यक्षः इन्द्रराज बराल    सम्पर्क नं.: ९८६२९५०८७८

सचिवः सुरेन्द्रराज बराल, कोषाध्यक्षः सरिता सुवेदी

निर्माण समिति सदस्य संख्याः ७ महिलाः ३, पुरुषः ४

**कसेरीदेखि अमलबोट हुँदै मणिदिप जाने सडक निर्माण उपभोक्ता समिति पोखरा-१३, आर्वा**

## विमा लेख हरायो

साविक युनियन लाइफ इन्स्योरेन्स कम्पनी लिमिटेडबाट जारि गरिएको निम्न लिखित बीमालेख हराएको हुँदा फेला पार्नुहुने महानुभावहरुले नजिकको हिमालयन लाइफ इन्स्योरेन्स लि.मा निम्नलिखित ठेगानामा सम्पर्क गर्न अनुरोध गर्दछु ।

नामः कुमारी गुरुङ

विमा लेख नं. ULI ४००००१८०८

**सम्पर्क : हिमालय लाइफ इन्स्योरेन्स लिमिटेड**

**पोखरा शाखा ०६१-५७४४५०**

# लायन्स क्लब अफ पोखरा चौतारीद्धारा न्यानो कपडा तथा स्टेशनरी वितरण

**पोखरापत्र संवाददाता**
पोखरा, ९ फागुन



लायन्स क्लब अफ पोखरा चौतारीले माछापुच्छ्रे गाउँपालिका-२ मा रहेको वाराहि आधारभुत विद्यालयमा न्यानो कपडा तथा स्टेशनरी वितरण गरेको छ ।

गरिमा बिकास बैंकको मुख्य प्रायोजन रहेको सो कार्यक्रममा बैंकका प्रमुख कार्यकारी अधिकृत गोविन्द ढकालले विद्यार्थीहरुलाई न्यानो कपडा तथा स्टेशनरी वितरण गर्नुभएको हो । कार्यक्रममा प्रमुख अतिथि ढकालले सरकारको लगानीले मात्र कुनै पनि क्षेत्र सुधार नहुने बताउनुहुदै निजि क्षेत्र र सामाजिक संघसंस्थाको भुमिकालाई प्रभावकारी ढंगले लैजानुपर्ने बताउनुभयो । बैंकले आफ्नोसामाजिकउत्तरदायित्वको बिषयलाई गम्भीरताका साथ लिएको उहाँको भनाई थियो । माछापुच्छ्रे गाउँपालिका-२ का वडा अध्यक्ष गणेश आचार्यले संस्थाहरुको सहयोग र स्थानीय तहको प्रयासले विद्यालयमा विद्यार्थीहरुको संख्यामा वृद्धि हुदै गएको बताउनुभयो ।कार्यक्रममा लायन्सका डिष्ट्रिक चिफ एड्भाइजर प्रजापति बास्तोला, मोहानबाबु खड्का, पुरुशोत्तम पराजुली, शिक्षक अभिभावक संघका अध्यक्ष तिर्थबहादुर गुरुङ, कृष्ण आचार्य लगायतले लायन्सले गरेको योगदानको चर्चा गर्नुभएको थियो । विद्यालयका प्राचार्य रामप्रसाद आचार्यले न्युन आय भएका अभिभावकका बालबालिका पढ्ने यस विद्यालयमा संस्थाको सहयोगले गर्दा विद्यार्थीहरुको आकर्षण बढ्दै गएको बताउनुभयो ।

कार्यक्रममा ५२ जना विद्यार्थीहरुलाई प्रजातन्त्र दिवसको अवसर पारी करिब २ लाख बराबरको न्यानो कपडा तथा स्टेशनरी वितरण गरिएको थियो ।

# बस्ती संरक्षणका लागि कालीगण्डकीमा तटबन्ध

**पोखरापत्र संवाददाता**
बागलुङ, ९ फागुन

बागलुङ नगरपालिका-१ स्थित मालढुङ्गा क्षेत्रको बस्ती कालीगण्डकी नदीको उच्च जोखिममा परेपछि तटबन्ध गर्न थालिएको छ । जलस्रोत तथा सिँचाइ डिभिजन कार्यालय बागलुङमार्फत तटबन्ध निर्माण जारी छ ।

चालू आर्थिक वर्षमा गण्डकी प्रदेश सरकारले विनियोजन गरेको रु ७० लाखबाट मालढुङ्गा बस्ती संरक्षणको काम भइरहेको जलस्रोत तथा सिँचाइ डिभिजन कार्यालय बागलुङका इञ्जिनियर दीपेन्द्र पौडेलले रासस जानकारी दिनुभयो । कालीगण्डकीले धार परिवर्तन गर्दा केही वर्षयता कटान तीव्र हुँदै आएको छ । अघिल्लो वर्ष पनि रु ६५ लाख लागतमा केही क्षेत्रमा तटबन्ध गरिएको थियो । लक्ष्मीनारायण मन्दिरसँगै मालढुङ्गाबाट खुदुर्के घाटसम्मको बस्ती संरक्षण गर्न थालिएको इञ्जिनियर पौडेलले बताउनुभयो । गत पुस महिनादेखि निर्माण समिति गठन गरी तटबन्धको काम धमाधम भइरहेको छ । कालीगण्डकी निरन्तर दोहन हुँदा बर्खामा पानीको बहाव बस्तीसम्म पुग्ने गरेको थियो । तटबन्ध निर्माणपछि मालढुङ्गाको तटीय क्षेत्रका बस्ती, प्रहरीचौकी, लक्ष्मीनारायण मन्दिरलगायत संरचना जोगिने इञ्जिनियर पौडेलले बताउनुभयो । इञ्जिनियरपौडेललेभन्नुभयो,“बर्खामा कालीगण्डकी उर्लेर आउँदा बस्तीमा बस्ने जोखिम बढेको थियो, अघिल्लो वर्ष केही भागमा काम भयो भने अहिले पनि करिब ४५ मिटर लामो तटबन्ध निर्माण हुन्छ, जसका लागि निर्माण समिति गठन भएर काम सुरु भएको छ, हालसम्म ३० प्रतिशत काम सम्पन्न भएको छ, आगामी असार मसान्तसम्म सम्पूर्ण काम पूरा गर्न ठेकेदारलाई निर्देशन दिइएको छ।”

तटबन्ध निर्माण समितिका अध्यक्ष भुवन खड्काले पानीमुनि दुई मिटर पक्की पर्खाल उठाउने काम भइसकेको भन्दै अहिले त्यसमाथि ग्याविनसहितको ‘पर्खाल’ उठाइरहेको बताउनुभयो । बागलुङ प्रवेशद्वार नजिकै ऐतिहासिक लक्ष्मीनारायणको मन्दिर बन्दै गएको र तटबन्ध बनेपछि यहाँका धेरै घर सुरक्षित हुने उहाँले दाबी गर्नुभयो । “तटबन्धको कामलाई तीव्र बनाएका छौँ, पर्खाल उठाएर ढलान गर्ने काम भइरहेको छ, सम्झौताअनुसार आठ मिटर उचाइ, ४५ मिटर लम्बाइ हुनेछ, सोअनुसार काम गरिरहेका छौँ”, अध्यक्ष खड्काले भन्नुभयो ।

# लमजुङका भूकम्पपीडित विपन्न नयाँ घरमा

**पोखरापत्र संवाददाता**
लमजुङ, ९ फागुन

आफू बस्दै आएको घर दुई वर्षअघिको भूकम्पले ध्वस्त बनाइदिएपछि मर्स्याङ्दी गाउँपालिका-९ का ७८ वर्षीय बाबुराम कामीको शिरमाथिको छानो आकाश बनेको छ । अति दुःख गरेर बनाएको एउटा घर भूकम्पमा भत्काइदिएपछि सम्हालिन नसक्नेगरी मन कुँडियो । ‘जहाँ गहिरो, त्यही पहिरो’ भनेझैं उहाँमाथि एकपछि अर्को समस्या थपिँदै गयो । उहाँले भन्नुभयो, “दुःखीको भरोसा भगवान् हुन्छन् भनेर सहदै गएँ, मैले हिम्मत हारिनँ ।

प्यारालाइसिसले हातखट्टा राम्रोसँग नचल्ने र अलिअलिमात्र बोल्ने उहाँ र उहाँकी श्रीमती भूकम्पले भत्किएको घरमै जोखिम मोलेर बस्दै आउनुभएको थियो तर अहिले परिस्थिति परिवर्तन भएको छ । दुई छाक खान वृद्धाभत्ताको सहारा लिँदै आएका उहाँका लागि यतिबेला नयाँ घर पुनःनिर्माण भएर चाबी पाएसँगै मुहारमा खुसी छाएको छ । मर्स्याङ्दी गाउँपालिका-९, ८, ३ वडाका आर्थिक अवस्था कमजोर भएका बाबुरामजस्तै धेरै भूकम्प प्रभावितको मुहार उज्यालो भएको छ । उहाँका छिमेकीले पनि टहरोमा कष्टकर र डरैडरमा रात कटाउँदै आएकामा अहिले नयाँ घर पाएपछि खुसी लागेको बताएका छन् । भूकम्पपीडित तिलकबहादुर भण्डारी, गोमे कामी, टीकामाया भण्डारीलगायत विपन्न वर्गले घरसँगै जीविकोपार्जनका लागि सहयोग मिल्दा आफूहरूलाई धेरै सहज भएको बताउनुभएको छ ।

लमजुङमा क्रियाशील ग्रामीण सामुदायिक विकास केन्द्र (आरसिडिसी) र क्याथोलिक रिलिफ सर्भिस (सीआरएस)को साझेदारीमा लमजुङ पुनर्लाभ परियोजनाअन्तर्गत निजी आवास पुनःनिर्माण गरी गत आइतबार मर्स्याङ्दीका १७ भूकम्पपीडितको घर पुनःनिर्माण गरेर उनीहरूलाई हस्तान्तरण गरिएको छ । चालु आर्थिक वर्षमा निर्माण सकेको १७ घरका लागि आरसिडिसी सीआरएसले रु ९२ लाख ५३ हजार ४६ लगानी गरेको आरसिडिसीका अध्यक्ष राजेन्द्र बोहराले बताउनुभयो । उहाँका अनुसार उक्त रकमबाट मर्स्याङ्दी गाउँपालिका-९ मा १३, ८ मा तीन घर र वडा नं ३ मा एक घर पुनःनिर्माण गरिएको छ । उक्त परियोजना हेर्ने इन्जिनियर रवि थापाका अनुसार जस्तापाताको छाना भएको दुईकोठे घर र शौचालय निर्माण गरिएको छ । साथै खानेपानी धारा घरघरमै लगिएको छ । निजी आवास पुनःनिर्माणका लागि आरसिडिसी र सीआरएसले प्रतिघर रु पाँच लाख ४५ हजार तीन सय ४९ का दरले लगानी भएको छ । साथै उक्त सङ्ख्यामध्ये १५ लाभग्राहीलाई जीविकोपार्जनका लागि रु १५ हजारका दरले सहयोग गरेको छ । त्यस्तै सो गाउँपालिका-९ ढाँडमा कृषि उब्जाउका लागि ढाँड सिँचाइ परियोजनाअन्तर्गत आरसिडिसी र सीआरएसले रु १३ लाख ४९ हजार तीन सय २३ बराबरको छ सय मिटर लामो सिँचाइ योजनासमेत निर्माण गरेको आरसिडिसीका अध्यक्ष बोहोराले बताउनुभयो ।

उहाँका अनुसार यसबाट १६ घरधुरीका बासिन्दा लाभान्वित हुनेछन् । विसं २०७८ जेठ ५ गते बिहान मर्स्याङ्दी गाउँपालिका-८ भुलभुले केन्द्रविन्दु भएर पाँच दशमलव आठ रिक्टर स्केलको भूकम्प भएको थियो । भैँचालोबाट लमजुङका दुई हजार दुई सय घरमा क्षति भएको थियो ।

मर्स्याङ्दी गाउँपालिकाले विपन्नका ३० घर पुनःनिर्माणका लागि सिफारिस गरेकामा आरसीडिसी सीआरएसले गत वर्ष नौ घर र यो वर्ष १७ घर गरी २६ घर पुनःनिर्माण सम्पन्न गरेको छ । बैंसीसहर नगरपालिका र मर्स्याङ्दी गाउँपालिका गरी ५० घर पुनःनिर्माणको जिम्मेवारी यी संस्थाले लिएका छन् ।

सीआरएसका जिल्ला संयोजक कृष्णदेव जोशीले २०७२ वैशाख १२ गतेको भूकम्पपछि नेपालमा सिआरएस सक्रिय भएको र यो संस्थाको सहयोगमा हालसम्म ३२ हजार निजी आवास पुनःनिर्माण गरिएको बताउनुभयो । उहाँका अनुसार लमजुङका तीन सय ५० परिवारलाई प्रत्यक्ष लाभ हुनेगरी सहयोगका कार्यक्रम सञ्चालन गरिएका छन् ।

# चिस्यान केन्द्र बनेपछि किसान लाभान्वित, 'सिजन' नभए पनि मुस्ताङका स्याउ बजारमा

**रासस**
बेनी, ९ फागुन

मुस्ताङका किसानले चिस्यान केन्द्रमा भण्डारण गरेर बेसिजन पनि स्याउ बेच्न थालेका छन् । स्याउको याममा व्यापारीले भनेको मूल्यमा बेच्नुपर्ने र बढी मूल्य पार्न बेसिजनमा बिक्रीका लागि चिस्यान केन्द्र बनाएर स्याउ भण्डारण गरेका थिए ।

चिस्यान केन्द्रमा भण्डारण गर्ने सुविधा भएपछि लामो समय खुला ठाउँमा भण्डारण गरेर राख्दा स्याउ कुहिएर क्षति व्यहोर्नुपर्ने समस्या हटेको किसानहरूले बताएका छन् । घरपझोङ गाउँपालिका-२ मार्फाका विश्व लालचनले बेसिजनमा बिक्री गर्न आठ हजार किलो स्याउ चिस्यान केन्द्रमा भण्डारण गरेको बताउनुभयो । "असोज-कात्तिकमा व्यापारीले जति भन्यो त्यति मूल्यमा स्याउ बेच्नुपर्छ", किसान लालचनले भन्नुभयो, "चिस्यान केन्द्रमा कात्तिकमा राखेको स्याउ बेसिजनमा बिक्री गर्न थालेका छौं ।" "गुणस्तर, आकार र तौलमा कुनै फरक छैन", चिसो घटेर मुस्ताङमा पर्यटक आगमन हुन थालेसँगै स्याउ बेच्न थालिएको हो । केही वर्षअघिसम्म चिस्यान केन्द्रको सुविधा नहुँदा मुस्ताङका किसानले घरको कोठा, चिसो ठाउँमा स्याउ भण्डारण गर्दै आएका थिए । त्यसरी राख्दा तापक्रम नमिलेर कुहिने गरेको थियो । बिक्री नहुने स्याउ घोडा, खच्चर, गाईगोरुलाई खुवाउने गरेका थिए । चिस्यान केन्द्रमा भण्डारणको सुविधा भएपछि किसानले भनेको मूल्य र बजार दुवै पाउन सहज भएको मार्फाका किसान राजु लालचनले बताउनुभयो । "पहिले बोटबाट टिपेको स्याउ आफ्नै तरिकाले भण्डारण गरेर राख्दा ७० प्रतिशतभन्दा बढी कुहिएर फाल्नुपर्ने समस्या थियो", उहाँले भन्नुभयो, "सिजनमा प्रतिकिलो रु ९० देखि एक सय पर्ने स्याउ चिस्यान गृहमा राख्दा बेसिजनमा प्रतिकिलो रु एक सय ८० देखि दुई सय सम्ममा बिक्री हुने गरेको छ ।" राजु र विश्वले प्रधानमन्त्री कृषि आधुनिकीकरण परियोजनाको स्याउ जोन कार्यक्रमको ८५ प्रतिशत अनुदानमा १०-१० मेट्रिक टन क्षमताको चिस्यान गृह बनाउनुभएको थियो । परियोजनामार्फत मुस्ताङमा पाँचवटा चिस्यान गृह निर्माण भएको प्रधानमन्त्री कृषि आधुनिकीकरण परियोजनाका निमित्त प्रमुख नेत्र भट्टले बताउनुभयो । "वातावरण अनुकूल बनाउने उपकरण जडान भएको चिस्यान गृहमा भण्डारण गर्दा बजार नपाउने समस्या हट्नुका साथै बढी मूल्यमा बिक्री गर्न पाएका छन्", उहाँले भन्नुभयो, "मुस्ताङमा प्रभावकारी भएकाले चिस्यान गृहको माग बढी छ ।" उहाँका अनुसार परियोजनाको सहयोगमा निर्माण भएको चिस्यानगृहमा यसपालि पाँच हजार किलो स्याउ भण्डारण गरेर राखिएको छ । मुस्ताङको एक हजार चार सय ७५ हेक्टर क्षेत्रफलमा स्याउखेती भएकामा पाँच सय ८० हेक्टर क्षेत्रफलमा लगाइएको स्याउ बोटले उत्पादन दिने गरेको छ ।स्याउ जोन मुस्ताङका प्रमुख भट्टले जिल्लाभर चार हजार नौ सय ७५ मेट्रिक टन स्याउ उत्पादन भएकोमध्ये रु ४९ करोड मूल्यबराबरको चार हजार चार सय ७७ दशमलव पाँच मेट्रिक टन स्याउ देशका विभिन्न ठाउँमा निकासी भएको बताउनुभयो । स्याउ मुस्ताङबाट निकासी हुने प्रमुख कृषि उपज हो । म्याग्दी, बागलुङ, पोखरा, चितवन, बुटवल, काठमाडौंलगायतका सहरका व्यापारी बगैंचामा नपाक्दै अग्रिम पैसा दिएर ठेक्कामा स्याउ खरिद गर्छन् । मुस्ताङ घुम्न आउने पर्यटकले पनि कोसेलीका रूपमा स्याउ किनेर लैजाने गर्छन् । मुस्ताङमा 'रेडडेलिसिएस, रोयल डेलिसिएस, रिचारेड डेलिसिएस र गोल्डेन डेलिसिएस' जातका स्याउखेती भएको छ । सडक यातायातको सुविधासँगै सहज बजार र राम्रो मूल्य पाउन थालेपछि मुस्ताङका किसान स्याउखेतीमा आकर्षित भएका छन् । कृषि ज्ञान केन्द्र कार्यालय मुस्ताङका अनुसार गत वर्षसम्म कुल एक हजार चार सय ७५ हेक्टर जमिनमा स्याउखेती भएको थियो । यस वर्ष २० हेक्टर क्षेत्रफलमा स्याउखेती विस्तार भएको कृषि ज्ञान केन्द्र मुस्ताङका प्रमुख प्रकाश बस्ताकोटीले बताउनुभयो । कृषि ज्ञान केन्द्र, प्रधानमन्त्री कृषि आधुनिकीकरण परियोजनाको स्याउ जोन र स्थानीय तहको कृषि शाखाले अनुदानमा स्याउका बिरुवा वितरण, सिँचाइ, चिस्यानगृह निर्माणलगायत काममा किसानलाई सहयोग गर्दै आएका छन् ।

# मादी गाउँपालिकामा प्रथम पालिका स्तरीय अध्यक्ष कप भलिबल प्रतियोगिता हुने

**पोखरापत्र संवाददाता**
कास्की, ९ फागुन

कास्कीको मादी गाउँपालिकाले आफ्नो स्थापना दिवसको अवसरमा प्रथम पालिका स्तरीय अध्यक्ष कप भलिवल प्रतियोगिता- २०८० को आयोजना गर्ने भएको छ ।

यही फागुनको २७ देखि २९ गतेसम्म स्याङ्जाकोटमा उक्त भलिवल खेल हुने भएको बुधबार पोखरामा आयोजित पत्रकार सम्मेलनमा जानकारी गराइएको हो । स्थानिय मिलन क्लवको सहकार्यमा उक्त भलिवल प्रतियोगिता हुने तयारी गरिएको मादी गाउँपालिकाको अध्यक्ष देविजङ्ग गुरुङले बताउनु भयो । उक्त प्रतियोगिता गण्डकी प्रदेश स्तरिय रहेकोले प्रदेशका ८४ वटै पालिकालाई पत्राचार गरिने भएको उहाँले जनाउनु भयो ।

प्रतियोगितामा कम्तिमा पनि ३० टिमको सहभागिता हुने आफुहरुले अपेक्षा गरेको अध्यक्ष गुरुङले जनाउनु भयो । प्रतियोगितामा विजेता हुने टिमले नगद ३ लाख, उपविजेता हुनेले २ लाख र तेश्रो हुनेले १ लाख र शानत्वना हुनेले पचास हजारको साथमा शिल्ड, मेडल र प्रमाण पत्र प्राप्त गर्ने भएका छन्। पालिकाले टिम दर्ता शुल्क भने ७ हजार ५ सय लिने भएको छ ।



खेल अभियान, पर्यटन र संस्कृतिको पहिचान भन्ने मुल नाराका साथ गाउँपालिकाले आफ्नो स्थापना भएको आठौं बर्षगांठमा भलिवल सहित विभिन्न कार्यक्रम गरी मनाउने भएको अध्यक्ष गुरुङले जनाउनु भयो । खेलको माध्यमबाट यस क्षेत्रको पर्यटन तथा सँस्कृतिलाई प्रबर्द्धन गर्ने गरी खेलका लागि अन्य पालिकाहरुबाट आउनु भएका खेलाडीहरुमाध्यमबाट यस पालिकाको पर्यटकिय र धार्मिक क्षेत्रहरुको प्रचार- प्रसार साथै सँस्कृतिको आदान-प्रदान गर्ने हेतुले यस प्रतियोगिता गर्न लागिएको अध्यक्ष गुरुङको भनाई थियो । उक्त प्रतियोगिताले खेलाडी उत्पादनमा थप मद्धत पुग्ने पालीकाले विश्वास लिएको छ । फागुन २७ गते पालिकाको स्थापना दिवस भएकोले सो दिनमा स्थानीय सार्वजनिक बिदा सहित १२ वटै वडालाई आफ्नो वडाको भेषभुषा सहितको झाकी प्रर्दशनी गर्न आव्हान गरिएको अध्यक्ष गुरुङले बताउनु भयो । पर्यटकिय तथा साँस्कृतिक हिसाबले महत्वपूर्ण क्षेत्रको रुपमा रहेको मादी गाँउपालिका नेपालको सबैभन्दा कम उचाईमा रहेको कपुचे हिमताल तथा नेपालकै मध्य विन्दु कोरी क्षेत्र यही गाउँपालिका रहेको छ । उक्त अवसरमा पालिकाले गाउँका ज्येष्ठ नागरिक, उत्कृष्ट किसान, शिक्षक, कर्मचारी, बिद्यालय लगायतलाई सम्मान गर्ने भएको प्रमुख प्रशासकिय अधिकृत कमल प्रसाद गौतमले बताउनु भयो । पोखराबाट करिब १६ किलोमिटरको दुरीमा पर्ने पालिकाको कार्यालयसम्म हाल ६ किलोमिटर सडकको स्तरोउन्नती हुने तयारीमा रहेको पालिकाले जनाएको छ ।

# १०८ कन्याबाट महायज्ञ शुभारम्भ, १५ दिनसम्म विभिन्न विषयमा सम्मेलन हुने

**पोखरापत्र संवाददाता**
बागलुङ, ९ फागुन

बागलुङको सर्वसिद्धीधाम पञ्चकोटमा अनन्तश्री ब्रह्माण्डीय महायज्ञ आजदेखि सुरु भएको छ ।

पञ्चकोटका संस्थापक एवं यस महायज्ञका परिकल्पनाकार मुक्तिनाथ पीठाधीश्वर स्वामी कमलनयनाचार्यको आह्वानमा सुरु भएको यस महायज्ञको मुक्तिनाथदेखि नवलपारासीको त्रिवेणीधामसम्मका नौ वर्षीया एक सय आठ कन्याबाट आज महायज्ञको भएको हो । नेपालमा पहिलो पटक आह्वान गरिएको यस ब्रह्माण्डीय महायज्ञ यही फागुन २३ गतेसम्म सञ्चालन हुनेछ । त्यसैगरी महायज्ञअन्तर्गत भोलि बिहीबार राष्ट्रपति रामचन्द्र पौडेलले पाँच हजार पाँच सय ५५ किलोको महाघण्टको उद्घाटन गर्नुहुने कार्यक्रम रहेको महायज्ञ आयोजक मूल समारोह समितिले जनाएको छ । विश्वमा शान्तिको सन्देश दिने उद्देश्यसहित देश दर्शन गरेर सो महाघण्ट पञ्चकोटमा स्थापित गरिएको छ ।

महायज्ञस्थलमा ३१ फिट अग्लो धान्य मौलो राखिएको छ । मौलो २५ फिट जमिनमाथि रहने र त्यसलाई धानले पुर्ने महायज्ञको कार्यक्रम रहेको स्वामी कमलनयनाचार्यले बताउनुभयो । मौलो पुर्नका लागि आवश्यकपर्ने २१ हजार पाँच सय ५५ मुरी धान सङ्कल्पकर्ताहरुबाट सङ्कलन भएको र महायज्ञमा आफैं उपस्थित भएर अनुष्ठान गरी तथा विभिन्न माध्यमबाट नेपाली दाजुभाइ दिदीबहिनीहरुले सहयोग उपलब्ध गराइरहनुभएको पनि उहाँले जानकारी गराउनुभयो ।

आजैदेखि महायज्ञमा धनधान्याञ्चल सुरु भएको छ भने यहाँ ब्रह्माण्डका सबै देवीदेवतालाई आह्वान गरी यजन र पूजन गरिने र कार्यक्रम रहेको छ । त्यसैगरी यसै महायज्ञअन्तर्गत १५ दिनमा विभिन्न फरकफरक विषयमा विज्ञहरुका कार्यपत्र तथा विचारसहितका सम्मेलन पनि हुने कार्यक्रम रहेको छ ।

यसअन्तर्गत हरेक श्रीफल (नरिवल) मा विभिन्न ५४ प्रकारका हवनीय द्रव्यहरुको मिश्रण गरी एक लाख नरिवल हवन गर्ने पनि कार्यक्रम रहेको छ । अनुष्ठानसहित हरेक दिन महायज्ञमा वैदिक पूजन जारी रहनेछ भने महायज्ञस्थलमै हरेक दिन फरकफरक विषयका बहस तथा सम्मेलन पनि जारी रहनेछ ।

जलसम्पदाको संरक्षण गर्ने विश्वव्यापी सन्देश दिनका लागि पञ्चकोटमा निर्माणाधीन कलश निर्माण यस महायज्ञका उद्देश्यमध्ये एक रहेको छ । विश्वमा सङ्कटपूर्ण बन्दै गएको जलसम्पदाको संरक्षणको सन्देश पनि हामीले नेपालबाटै दिन सकिने उद्देश्य लिइएको र यस महायज्ञमा राष्ट्रिय बहसका कार्यक्रमलाई अघि सारिएको उहाँले बताउनुभयो ।

पञ्चकोट विकास परिषद्का अध्यक्ष दामोदर शास्त्री दाहालले राष्ट्रपति, प्रधानमन्त्रीसहित राष्ट्रियरुपमा विभिन्न व्यक्तित्वहरुको उपस्थिति हुने जानकारी दिनुभयो । उहाँले महायज्ञका लागि देशभरबाट साधुसन्तहरुको आगमन भएको र भारतलगायतका देशबाट आउनेक्रम जारी रहेको जानकारी पनि दिनुभयो । महायज्ञमा पुग्ने भक्तजनहरुका लागि भोजन र बासको व्यवस्था गरिएको छ । यसका लागि विभिन्न व्यक्ति एवं सङ्घसंस्थाले स्वतःस्फूर्तरुपमा सहयोग गर्नेक्रम जारी रहेको महायज्ञका आयोजकले जनाएका छन् ।

# ट्र्याक खुलेको २९ वर्षपछि कालोपत्र सुरु

**पोखरापत्र संवाददाता**
तनहुँ, ९ फागुन

गण्डकी प्रदेशको गौरव आयोजनाको सडक कालोपत्र सुरु भएको छ । तनहुँको मानपुर-डेडगाउँ-बुलिङटार सडकमा ट्र्याक खुलेको २९ वर्षपछि कालोपत्र सुरु भएको हो ।

मुस्ताङको कोरोलादेखि नवलपुरको त्रिवेणी जोड्ने छोटो दूरीको उक्त सडकअन्तर्गत तनहुँ खण्डमा पहिलो चरणमा कालोपत्र थालिएको पूर्वाधार विकास कार्यालय तनहुँले जनाएको छ । अस्फाल्ट प्रविधिबाट तनहुँ खण्डमा कालोपत्र सुरु गरेको कार्यालयका प्रमुख कृष्ण आचार्यले जानकारी दिनुभयो । उहाँका अनुसार सडक स्तरोन्नतिका लागि सोमबारदेखि फागुन २२ गतेसम्म उक्त सडक बन्द गरिएको छ । विसं २०५१ मा ट्र्याक खुलेको उक्त मार्गमा कालोपत्र हुने भएपछि स्थानीयवासी खुसी भएका छन् । उक्त खण्ड स्तरोन्नतिका लागि विसं २०७७ मङ्सिर ५ गतेदेखि काम सुरु भएको थियो । भौतिक पूर्वाधार विकास मन्त्रालयमार्फत् रू बाइस करोड ८५ लाख ४१ हजार सात सय ९३ को लागतमा कालोपत्र सुरु गरिएको आचार्यले बताउनुभयो । रू ३५ करोड १४ लाख ७४ हजार एक सय नौ लागत अनुमान गरिएकामा हेटौँडास्थित सपना निर्माण सेवाले रू १२ करोड २९ लाख ३२ हजार तीन सय १६ मा कालोपत्रको ठेक्का पाएको थियो । सडक कालोपत्रको सम्झौता विसं २०७६ फागुन ७ गते भएको थियो । ठेक्का भएलगत्तै नेपालमा कोरोनाको महामारी सुरु भएको र लकडाउनका कारण काम सुरु हुन नसकेको निर्माण कम्पनीले जनाएको छ । तनहुँको घिरिङ गाउँपालिका-४ मानपुरबाट सुरु भएर डेढगाउँको सिमानासम्मको एघार किलोमिटर खण्डमा सडक कालोपत्र हुने पूर्वाधार विकास कार्यालयले जनाएको छ । उक्त सडकको चौडाई सात मिटर रहनेछ । सडकमा पाँच मिटरको कालोपत्र हुनेछ भने एक मिटरको नाला निर्माण हुनेछ । कालोपत्र सम्पन्न भएपछि यस क्षेत्रकै समृद्धिको ढोका खुल्ने घिरिङ गाउँपालिकाका अध्यक्ष होमबहादुर थापाले बताउनुभयो ।

# खडेरीका कारण हिउँदे बाली प्रभावित

**पोखरापत्र संवाददाता**
पर्वत, ९ फागुन

लामो समयदेखि वर्षा नहुँदा पर्वतमा हिउँदे बाली प्रभावित बनेका छन् । झण्डै पाँच महिनासम्म वर्षा नहुँदा जिल्लाका किसानले लगाएका हिउँदे बालीनाली लगाएका किसान चिन्तित बनेका हुन् ।

किसानले लगाएका आलु, गहुँ, जौ, तोरीलगायत हिउँदे खेतीको उत्पादन घटेर करोडौंको नोक्सानी हुने अवस्था देखिएको छ । पर्वतमा अहिले मकैबाली लगाउने याम भएको छ । वर्षा नहुँदा धान काटेपछि बाँझै रहेका खेत जोत्न समेत नपाइएको किसानले गुनासो गरेका छन् । व्यावसायिक तरकारी खेती गरेका किसानले खडेरीका कारण उत्पादनमा कमी आउने गुनासो गरेका छन् । लामो समयको खडेरीले किसानलाई बाली लगाउन र लगाएका बालीको संरक्षणमा समस्या भएको कुश्मा नगरपालिका-१२ ठूलीपोखरीका किसान रामप्रसाद सापकोटाले बताउनुभयो । खेतमा मकै लगाउने बेला भइसकेपनि वर्षा नहुँदा बाँझै राख्नुपरेको उहाँले बताउनुभयो । उहाँका अनुसार गत असोजको अन्तिम सातापछि यस क्षेत्रमा वर्षा भएको छैन । कृषि ज्ञान केन्द्र पर्वतका अनुसार विशेषगरी हिउँदे बालीनालीमा खडेरीले असर पुऱ्याएको छ । सिँचाइ सुविधा भएका र नभएका दुवै स्थानमा उत्पादनमा निकै कमी आएको केन्द्रका प्रमुख वरिष्ठ कृषि विकास अधिकृत परशुराम अधिकारीले बताउनुभयो । "बालीनाली उम्रिसकेपछि सिँचाइ गर्ने एउटा संवेदनशील अवस्था हुन्छ । त्यो समयमा सिँचाइ गर्न सकिएन वा वर्षा भएन भने बालीनाली मर्ने र उत्पादन नदिने समस्या हुने भएकाले सिँचाइ अनिवार्य गर्नुपर्दछ", उहाँले भन्नुभयो ।

सिँचाइ भएका ठाउँमा पनि वर्षा भयो भने उत्पादन बढ्ने अधिकारीले बताउनुभयो । "यो बेलामा जमिनको आँत भिज्ने गरी वर्षा भइदिने हो भने अब लगाउने बालीनालीमा धेरै सहयोग हुन्छ", उहाँले भन्नुभयो । चिस्यानबिना जोतिएका खेतमा डल्ला आउने र डल्लामा परेको मकै नउम्रिने भएकाले उत्पादनमा ह्रास आउन सक्ने उहाँको भनाइ थियो । पर्वतमा आकाशे वर्षाको भरमा खेतीबाली लगाउने ठाउँ धेरै भएकाले पनि यस वर्षको हिउँदे खेतीका रुपमा लगाइएका गहुँ, जौ, तोरी, आलु, फापरलगायत व्यावसायिक तरकारी खेती गर्नेहरुले ठुलो नोक्सानी व्यहोर्नुपरेको केन्द्रले जनाएको छ । तेलहन बालीमा मात्र ३० प्रतिशत भन्दा बढीले उत्पादनमा कमी आउने प्रमुख अधिकारीको अनुमान छ ।

त्यसैगरी लहरेबाली समयमा लगाउन नपाउँदा व्यावसायिक तरकारी किसान मारमा परेका छन् । उहाँका अनुसार जिल्लाको पातीचौर र मिलनचोक क्षेत्रका साथै दक्षिण पर्वतमा रहेका विभिन्न खोलाको नजिकका खेतबारीमा बाहेक सबै ठाउँमा खडेरीले असर परेको छ ।

कतिपय ठाउँमा बालीनालीनै लगाउन पाएका छैनन् भने कतिपय ठाउँमा लगाइएका बालीनाली सुक्न थालेपछि किसान चिन्तित बनेका छन् । अर्कोतर्फ पानीको वैकल्पिक स्रोत समेत खडेरीका कारण सुकेपछि चैते धानका लागि बीउ राख्न समेत नपाएको किसानले गुनासो गरेका छन् ।


## कर्जा चुक्ता गर्न आउने सम्बन्धी ३५ दिने अत्यान्त जरुरी सूचना

प्रथम पटक प्रकाशित मिति २०८०/११/१० गते

तपशिलमा उल्लेखित ऋणीहरुले यस संस्थाबाट विभिन्न ऋण शीर्षक अन्तर्गत ऋण उपभोग गर्नु भएकोमा उक्त ऋणको समय-समयमा तिर्नु बुझाउनु पर्ने साँवा, ब्याज र हर्जाना ब्याज रकम नतिरो नबुझाई सहकारी सँग गरेको ऋण सम्बन्धी शर्त कबुलियतको उल्लंघन गर्नुभएकोले पटक पटक मौखिक एवंम लिखित तरतकेता गर्दा समेत ऋणको साँवा, ब्याज, किस्ता र हर्जाना ब्याज लगायतका रकमहरु बुझाउने तर्फ कुनै पहल नगरेको हुनाले निजको नाममा यस सहकारीमा रहेका सम्पूर्ण ऋणहरु चुक्ता भुक्तानी गर्नुहुन यो ३५ (पैतिस) दिने सार्वजनिक सूचना प्रकाशित गरिएको छ । यो सूचना प्रकाशित भएको मितिले ३५ (पैतिस) दिनभित्र सहकारीमा सम्पर्क राखी बुझाउनु पर्ने साँवा, ब्याज, किस्ता र हर्जाना ब्याज रकम अविलम्ब चुक्ताभुक्तानी गर्नुहुन अनुरोध छ । अन्यथा, ऋणी र सहकारी बीच भए गरेका शर्त सम्झौता, सहकारीको नियम, सम्बन्धी ऐन २०७४ तथा अन्य प्रचलितकानूनले सहकारीलाई दिएको अधिकार प्रयोग गरी सम्बन्धित व्यक्तिलाई कर्जा सूचना केन्द्र लिमिटेडको कालो सूचीमा नाम समावेश गर्न लेखी पठाई ऋणीको धितो सुरक्षण स्वरुप सहकारीलाई लेखिदिएको चलअचल सम्पत्ति जे जस्तो अवस्थामा छन् सोही अवस्थामा लिलाम बिक्री गरी वा अन्य प्रक्रिया अपनाई सहकारीको सम्पूर्ण लेना रकम असुल उपर गर्नेतर्फ आवश्यक कानुनी कारवाही अगाडि बढाइने व्यहोरा सूचित गरिन्छ । साथै, धितो सुरक्षणको लिलाम बिक्री हुन नसकी सहकारीले धितो सकारेमा वा लिलाम बिक्रीबाट सहकारीको सम्पूर्ण बक्यौता असुल उपर नभएमा असुल उपर हुन नसकेको रकमको हदसम्म कानुनबमोजिम ऋणीको घरघरानाबाट असुल उपर गर्ने प्रक्रिया अगाडी बढाईने व्यहोरा समेत यसै सूचनाद्वारा सुसूचित गरिन्छ ।

तपशिल

| क्र. सं. | ऋणी सदस्यको विवरण | धनजमानीको विवरण | | धितोको विवरण | रकम |
|---|---|---|---|---|---|
| १. | नाम :- अरिंगता श्रेष्ठ<br>बुवाको नाम : जितेन्द्र श्रेष्ठ<br>पतिको नाम : रुद्र कुमार श्रेष्ठ<br>बाजे/ससुराको नाम : मनिलाल श्रेष्ठ<br>नागरिकता नं. : ३४०१३२०७५३५<br>जारि मिति : २०७२/११/११ (तनहुँ) | नाम : विजय गुरुङ<br>ठेगाना : सिन्दुरे-८<br>नागरिकता नं. : ४६१०१५/२३०<br>जारि मिति : २०६५/१०/२८<br>जारी जिल्ला : कास्की<br>बुवाको नाम : शेरजंग गुरुङ<br>सम्पर्क : ९८०६५०७५३५ | नाम :- रुद्रकुमार श्रेष्ठ<br>ठेगाना : सुन्धारा-५<br>नागरिकता नं. : ४३१०६५/११००७९<br>जारि मिति : २०६६/०८/०२<br>जारी जिल्ला : तनहुँ<br>बुवाको नाम : मनिलाल श्रेष्ठ | जिल्ला : कास्की<br>पोखरा : उ.म.न.पा.<br>पो.म.न.पा. १४ कित्ता नं: ४७ क्षेत्रफल: १२० वर्गमिटर | रु १२,११०००/-<br>(अक्षेरुपी बाह्र लाख एघार हजार) |
| २. | नाम : सिल कुमारी गुरुङ<br>बाबुको नाम : जित बहादुर गुरुङ<br>बाजेको नाम : पुल्लिमान गुरुङ<br>नागरिकता नं. : २१७६<br>जारि मिति : २०४५/०१/१७ (लमजुङ) | नाम : मोहन गुरुङ<br>ठेगाना : पोखरा-१०<br>नागरिकता नं. : १०९४४३<br>जारि मिति : २०५७/०७/०६<br>जारी जिल्ला : कास्की<br>बुवाको नाम : पेमबहादुर गुरुङ<br>सम्पर्क : ९८४६७९५५१० | नाम : माया तामाङ राई<br>ठेगाना : हलेसी तुवाचुङ<br>नागरिकता नं. : १२-०१-७२-००००८<br>जारि मिति : २०७२/०१/०२<br>जारी जिल्ला : खोटाङ<br>बुवाको नाम : रसबहादुर तामाङ<br>सम्पर्क : ९८२७१५८०२१ | जिल्ला : कास्की<br>छिनेडाडा ५ पोखरा म.न.पा. १४ क्षेत्रफल : १५६.९८ वर्ग मिटर | ६०,८०,०००/-<br>(अक्षेरुपी साठीलाख असिहजार) |

**कदम बचत तथा ऋण सहकारी संस्था लि.**
**KADAM SAVING & CREDIT CO-OPERATIVE SOCIETY LTD.**
पोखरा महानगरपालिका-१४ कास्की (कदम मार्ग) । फोन नं. ०६१-५९०२५६